राष्ट्रको सञ्चार

नेपाल टेलिकम

# Telecom Newsletter

नेपाल दूरसञ्चार कं.लि., भद्रकालीप्लाजा, काठमाडौं

Monthly Publication

Volume 22, Issue 3 No. 146 Nepal Telecom (Nepal Doorsanchar Co.Ltd.) Ashoj-Kattik 2079 (Oct-November 2022)



## उपत्यकाका अधिकांश कार्यालयबाट ई-सिम वितरण

नेपाल टेलिकमले ग्राहकहरुको अत्यधिक रुचि र मागलाई मध्यनजर गर्दै ग्राहकवर्गको सुविधाका लागि अत्याधुनिक प्रविधिको ई-सिम वितरण शुरु गरेको छ। हालका लागि ई-सिम काठमाडौं उपत्यकाका कम्पनीका नक्साल, चावहिल, ठिमी, भक्तपुर, पाटन, गोंगबु र छाउनी कार्यालयहरु तथा ग्राहक सेवा केन्द्र पुलचोकबाट पनि माग बमोजिम वितरण भइरहेको छ। ई-सिम निकट भविष्यमै काठमाडौं बाहिरका सेवाग्राहीहरुको सुविधालाई ध्यानमा राखी उपत्यका बाहिरका विभिन्न स्थानहरुबाट पनि वितरण गर्न लागिएको छ। ई-सिम सुन्धारास्थित ग्राहक सेवा केन्द्रबाट पहिलो पटक वितरण शुरु गरिएको थियो।

शुरुमा दूरसञ्चार कार्यालय सुन्धारास्थित ग्राहक सेवा केन्द्रबाट मात्र २०७९ भाद्र ३१ गतेदेखि पोस्टपेडका नयाँ ग्राहकहरुलाई ई-सिम (e-SIM : embedded SIM) वितरण तथा पुराना प्रिपेड तथा पोस्टपेडका ग्राहकहरुलाई निःशुल्क ई-सिम परिवर्तन गर्न शुरु गरिएको थियो। ग्राहकहरुको माग तत्काल पूरा गर्न २०७९ असोज ४ गतेदेखि उपत्यकाका अन्य कार्यालयबाट पनि उपलब्ध गराउन थालिएको हो। कम्पनीले पर्याप्त मात्रामा आन्तरिक परीक्षण र प्रयोगबाट सफल भएपछि ग्राहकहरुमाझ प्रबर्द्धनात्मक परीक्षणको रुपमा ई-सिम वितरण गरिरहेको हो।

त्यसैगरी आइफोन र एन्ड्रोइड सिस्टमयुक्त मोबाइल सेटको सेटिङमा भएका विभिन्न अप्सन हेरेर पनि ई-सिम चल्ने वा नचल्ने पत्ता लगाउन सकिन्छ। आइफोन वा एन्ड्रोइडको सेटिङमा 'Add Mobile Plan' वा 'Add Data Plan' भन्ने अप्सन देखियो भने पनि त्यसमा सामान्यतः ई-सिम चल्छ भन्ने कुरा थाहा हुन्छ।

फिजिकल सिम प्रयोग गरिरहेका कम्पनीका ग्राहकहरुका पोस्टपेड र प्रिपेड सिम निःशुल्क ई-सिममा परिवर्तन गर्न सकिने छ। त्यसैगरी नयाँ पोस्टपेड लिन चाहने ग्राहकलाई हालको बिक्री मूल्यमै ई-सिम उपलब्ध गराइने छ भने नयाँ प्रिपेड सिमकार्ड लिन चाहने ग्राहकलाई भने निकट भविष्यमा सो सिम उपलब्ध गराइने छ। ई-सिम सपोर्ट गर्ने मोबाइल सेट भएका नेपाल टेलिकमका पहिलेदेखिका ग्राहकले सो सिम लिनका लागि आवश्यक फारम भरेर बुझाउनु पर्दछ।

ई-सिम एक प्रकारको भर्चुअल अर्थात इलेक्ट्रोनिक सिम हो। ई-सिम उपलब्ध भएपछि अहिलेको जस्तो भौतिक रुपमा प्रयोग गरिने सिमकार्डको आवश्यकता पर्दैन। यसबाट फोन गर्ने र डाटा चलाउने लगायत फिजिकल सिमबाट सम्पन्न गरिने सम्पूर्ण कार्य गर्न सकिन्छ।

मोबाइल सेटबाहेक ई-सिमलाई अन्य डिभाइस तथा स्मार्ट वाच र शरीरमा पहिरिन योग्य विभिन्न प्रकारका डिभाइस (Wearable Device) हरुमा समेत प्रयोग गर्न सकिन्छ।

हालका सबै प्रयोगकर्ताले समेत ई-सिम प्रयोग गर्न सक्नुहुनेछ भने नयाँ प्रयोगकर्ताले पनि सहज तरिकाले ई-सिम लिन सक्नुहुनेछ।

## त्रिदेशीय सीमा छाङरुमा कम्पनीको फोरजी मोबाइल सेवा




नेपाल टेलिकमले दार्चुलाको विकट स्थान छाङरुमा फोरजी सेवा उपलब्ध गराएको छ। नेपाल-भारत र चीनको त्रिदेशीय सीमानाकाका रुपमा रहेको दार्चुलाको व्यास गाउँपालिकामा अवस्थित छाङरुमा नेपाल टेलिकमले हेलिकप्टरबाट उपकरणहरु ढुवानी गरी जडान गरेर सेवा सञ्चालनमा ल्याएको हो। यससँगै नेपाल टेलिकमको फोरजी सेवा पश्चिम नेपालको अन्तिम सीमानासम्म पुगेको छ। २०७९ भाद्र २९ गतेदेखि सो भेगमा कम्पनीले फोरजी सेवा उपलब्ध गराएको हो

फोरजी सेवाका लागि नेपाल टेलिकमले दार्चुला जिल्लाको महाकाली नगरपालिकास्थित न्यु बालाशिखरस्थित रिपिटर स्टेशनबाट व्यास गाउँपालिकाको ब्रम्हलेकसम्म माइक्रोवेभ रेडियो लिंकमार्फत र त्यहाँबाट ज्याक्ती हुँदै छाङरुसम्म आवश्यक नेटवर्क निर्माण गरेको हो। ज्याक्ती र छाङरुका लागि आवश्यक उपकरण दार्चुलाको खलंगादेखि हेलिकप्टरबाट ४५ किलोमिटरको हवाइ दूरीमा ढुवानी गरिएको थियो।

अब छाङरुमा रहेका करिव १२० जति घरधुरी र ७ सय जति जनसंख्या तथा अन्य क्षेत्रका गरी करिव ४ हजार जनसंख्या यसबाट प्रत्यक्ष लाभान्वित हुनेछन्। छाङरुको वरिपरि रहेका लिपुलेक, कालापानी र लिम्पियाधुरा क्षेत्रका गुन्जी, नाभी र कुटी तथा टिंकर लगायतका क्षेत्र र सीमाना सम्म फोरजीको पहुँच पुगेको छ।

(बाँकी २ पेजमा)

# कर्मचारी संगठनको महाधिवेशन सम्पन्न




नेपाल टेलिकमका प्रबन्ध निर्देशक सुनिल पौडेलले कम्पनीको हितका लागि सबैखाले चुनौतीका सामना गर्ने उद्देश्यका साथ चालु आर्थिक वर्षमा महत्वाकांक्षी लक्ष्य राखिएको र यसको सफल कार्यान्वयनका लागि कर्मचारी, युनियन र व्यवस्थापन मिलेर अघि बढ्नुपर्ने आवश्यकता औंल्याउनु भएको छ। आर्थिक वर्ष ०७७/०७८ मा ७ अर्ब १३ करोड मुनाफा आर्जन गरेकोमा गत आर्थिक वर्षमा कम्पनीले ८ अर्ब ३८ करोड मुनाफा आर्जन गर्न सफल भएको र चालु आर्थिक वर्षमा १५ अर्ब मुनाफा गर्ने लक्ष्य राखिएको उहाँले बताउनु भयो।

गत भाद्र २२ गते विराटनगरमा आयोजित नेपाल दूरसञ्चार राष्ट्रिय कर्मचारी संगठन (NTEAN) को ११औं महाधिवेशन उद्घाटन समारोहलाई सम्बोधन गर्दै प्रबन्ध निर्देशक पौडेलले सो कुरा बताउनु भएको हो। विश्वव्यापी रुपमा टेलिकम क्षेत्रको राजस्व दर घट्दो क्रममा रहेको भएपनि नेपाल टेलिकममा भने बढ्दो क्रममा रहेको र आगामी दिनमा फोरजी र एफटीटीएच जस्ता योजनाका विस्तारसँगै यसमा अझै बढोत्तरी हुने विश्वास उहाँले व्यक्त गर्नुभयो।

समयमा सामान प्राप्त नहुने चुनौती कायम रहेको अवस्थामा सप्लाई चेनलाई दुरुस्त पार्ने कार्ययोजना बनाइएको बताउँदै प्रबन्ध निर्देशक पौडेलले विभिन्न रणनीतिक योजनाका साथ अगाडि बढ्नुपर्ने कुरामा जोड दिनुभयो। नेपाल टेलिकमले प्रदान गर्ने समान प्रकृतिका विभिन्न सेवाका कारण प्रतिस्पर्धा आफैसँग हुनेगरेको उल्लेख गर्दै बिक्री पछिका सेवालाई अझै प्रभावकारी बनाउन सबैले मिलेर कार्य गरेमा लक्ष्य पुरा हुने उहाँले बताउनु भयो।

प्रमुख अतिथिको रुपमा रहनुभएका नेकपा एमालेका उपाध्यक्ष तथा पूर्व अर्थमन्त्री सुरेन्द्र पाण्डेले नेपाल टेलिकमले संस्थागत हित र राष्ट्रिय हितलाई ध्यानमा राखेर कम्पनीलाई सधैं प्रतिस्पर्धात्मक अवस्थामा राख्नुपर्ने बताउनु भयो। थोरै कर्मचारीबाट धेरै प्रतिफल हासिल गर्न सकिने गरी प्रविधिको प्रयोगमार्फत अर्थतन्त्रको नयाँ युग निर्माण गर्ने कार्यमा नेपाल टेलिकमले सहयोग गर्नुपर्ने उहाँले बताउनु भयो।

पूर्व अर्थमन्त्री पाण्डेले डिजिटल युगको कोसेढुंगाको रुपमा रहेको नेपाल टेलिकमले राष्ट्र निर्माण र संस्कार निर्माणका लागि आवश्यक राष्ट्रिय पुँजी उपलब्ध गराएर महत्वपूर्ण योगदान गर्नसक्ने बताउनु भयो। यसका लागि आवश्यक कर र उपयुक्त आर्थिक नीतिबाट मात्र समाजलाई अगाडि बढाउन सकिने भएकाले विश्वव्यापी सोचमा आएको परिवर्तन अनुरुप संस्थालाई अगाडि बढाउन कर्मचारी, युनियन र व्यवस्थापनको भूमिका महत्वपूर्ण हुने उहाँले बताउनु भयो।

विशेष अतिथि नेकपा एकीकृत समाजवादीका उप-महासचिव जगन्नाथ खतिवडाले ट्रेड युनियन जति कमजोर हुँदै जान्छ, सामूहिक सौदाबाजी पनि त्यति नै कमजोर हुने भएकाले सबै कर्मचारीहरु एकताबद्ध भएर लाग्नुपर्ने बताउनु भयो। कर्मचारीहरुले युनियनमार्फत सक्रियरुपले प्रगतिशील सामाजिक रुपान्तरण गर्न लाग्नु पर्ने सुझाव पनि उहाँले दिनुभयो।

नेपाल टेलिकमका पूर्व सञ्चालक (कर्मचारी प्रतिनिधि) राजबहादुर रावलले विगतमा १७ अर्बसम्म मुनाफा आर्जन गर्न सफल कम्पनी ७ अर्ब मात्र मुनाफा गर्ने अवस्थामा पुगेको स्मरण गर्दै आगामी दिनमा समयमै आयोजनाहरु सम्पन्न गरेर र कर्मचारी वृत्ति विकासका योजनाहरु लागु गरेर अगाडि बढेमा लक्ष्य भेट्न सहज हुने बताउनु भयो।

संगठनका तत्कालीन कार्यवाहक महासचिव मणि कुमार पोखरेलको सञ्चालन तथा तत्कालीन उपाध्यक्ष मोहन प्रसाद फुयाँलको स्वागत मन्तव्यबाट प्रारम्भ भएको महाधिवेशनमा नेपाल टेलिकम वर्कर्स युनियन (NTCWU) का अध्यक्ष राजेन्द्र प्रसाद जोशी र नेपाल राष्ट्रिय कर्मचारी संगठन, नेपाल टेलिकम (NEONNT) का अध्यक्ष दामोदर के.सी.ले शुभकामना मन्तव्य प्रदान गर्दै कम्पनीको वर्तमान अवस्थाको बारेमा बिचारहरु राख्दै आगामी दिनमा सबै युनियन, कर्मचारी र व्यवस्थापनबीच सहकार्यको आवश्यकता औंल्याउनु भयो।

संगठनका तत्कालीन अध्यक्ष यादव प्रसाद पनेरुले युनियनहरुसँग विभिन्न समयमा भएका सहमति कार्यान्वयनको चरणमा रहेका र कम्पनीको प्रतिस्पर्धात्मक क्षमता बढाउने तथा व्यावसायिकरण गर्ने कार्यमा युनियनको निरन्तर खबरदारीले भूमिका खेलेको बताउनु भयो। कर्मचारीको वृत्ति विकास र सामाजिक सुरक्षाका विभिन्न योजना उपलब्ध भएमा लक्ष्य प्राप्त गर्न गाह्रो नहुने बताउदै उहाँले यसका लागि आवश्यक वातावरण निर्माण गर्न व्यवस्थापनसँग आग्रह गर्नुभयो। भाद्र २४ गते सम्पन्न महाधिवेशनले मोहन प्रसाद फुयाँलको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ।

## त्रिदेशीय सीमा छाङरुमा ...

(१ पेजको बाँकी)



नेपाल टेलिकमले सञ्चालनमा ल्याएको फोरजी सेवाबाट सो क्षेत्रमा ब्यान्ड २० अर्थात ८०० मेगाहर्जमा मोबाइलमार्फत भ्वाइस र डाटा चलाउन सकिन्छ। यो स्थानमा सशस्त्र प्रहरीको बेस क्याम्प तथा नेपाल सरकारका अन्य विभिन्न कार्यालय समेत रहेका छन्।

विकट र दुर्गम स्थानमा समेत सेवा उपलब्ध गराउने नेपाल सरकारको नीति अनुसार नेपाल टेलिकमले देशका विभिन्न विकट स्थानमा हेलिकप्टरमार्फत उपकरण ढुवानी गरेर पनि सेवा उपलब्ध गराइरहेको छ।

## स्याङ्जाको गल्याङमा फाइबर इन्टरनेट

मुलुकभर तीब्र गतिको इन्टरनेट र टेलिफोन सेवा उपलब्ध गराउने कम्पनीको लक्ष्य बमोजिम स्याङ्जा जिल्लाको गल्याङका सबै क्षेत्रमा एफटीटीएच सेवा सञ्चालनमा आएको छ। पुरानो तारवाला टेलिफोन र इन्टरनेट सेवालाई विस्थापित गरी गत महिनादेखि पूर्णरुपमा फाइबर प्रणालीबाट इन्टरनेट र टेलिफोन सेवा उपलब्ध गराइएको हो। गल्याङमा अवस्थित कम्पनीको कार्यालय नजिकै रहेका वस्तीमा यसअघि नै एफटीटीएच सेवा उपलब्ध भएपनि गत महिनादेखि करादी बजारमा र त्यस वरीपरीको क्षेत्रमा समेत यो सेवाको विस्तार गरिएको हो।

गल्याङ नजिक रहेका स्थानहरुबाट सेवाग्राहीहरु स्वयं नै दूरसञ्चार कार्यालयमा आई सेवाका लागि फाराम भर्ने गरेका भएपनि टाढा रहेका सेवाग्राहीहरुलाई कर्मचारीहरु नै गाउँ र वस्तीमा पुगी सेवा उपलब्ध गराइरहेका छन्। करादी लगायतका स्थानमा कर्मचारीहरु सेवाग्राहीको घरमै गई फाराम भराई भोलिपल्ट इन्टरनेट र टेलिफोन सेवा उपलब्ध गराउने गरिएको हो। पुरानो प्रविधिको तामाको तारवाला टेलिफोन र इन्टरनेट सेवा उपलब्ध हुँदाभन्दा फाइबर इन्टरनेट र टेलिफोनप्रति सेवाग्राहीको रुची र प्रयोग बढ्दै गएको पाइएको छ। अहिले नै त्यस क्षेत्रमा ३ सयभन्दा बढी सेवाग्राहीहरुले यो सेवा लिइसक्नुभएको छ। यस प्रविधिबाट इन्टरनेट, टेलिफोन र टेलिभिजन सेवा पनि प्रयोग गर्न सकिन्छ।

# वर्कर्स युनियनको एघारौं महाधिवेशन सम्पन्न

नेपाल टेलिकम वर्कर्स युनियन (NTCWU) को एघारौं महाधिवेशन सम्पन्न भएको छ । गत असोज २७, २८ र २९ गते धनगढीमा सम्पन्न उक्त महाधिवेशनले सुरेश रौनियारको अध्यक्षतामा नयाँ कार्यसमिति निर्वाचित गरेको छ ।

महाधिवेशन उद्घाटन समारोहका प्रमुख अतिथि पूर्व श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री एवं नेपाली कांग्रेसका केन्द्रिय सदस्य रमेश लेखकले समाज ढुंगे युगबाट आजको अत्याधुनिक युगसम्म आइपुग्न श्रम शक्तिको भूमिका निर्णायक रहेको र श्रमको सम्मान नहुने समाज तथा संस्था समुन्नत रुपले विकसित हुन नसक्ने बताउनु भयो । हामीले श्रम र श्रमशक्तिलाई उचित सम्मान गर्न नसकेका कारण पछि परेका त हैनौं ? भन्दै उहाँले नेपाल टेलिकममा जो जो जुन जिम्मेवारीमा हुनुहुन्छ सबैले तोकिएको दायित्व पूर्णरुपमा लगनशीलताका साथ पूरा गरेमा कम्पनी संवृद्ध र सबल हुने बताउनु भयो । उहाँले नेपाल टेलिकमको उन्नत भविष्यका लागि त्यहाँ कार्यरत श्रमिकका उचित मागहरु समयमै सम्बोधन हुनुपर्ने धारणा पनि व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा नेपाल टेलिकमका निमित्त प्रबन्ध निर्देशक तथा कम्पनी सचिव राजेन्द्र प्रसाद अर्यालले ग्राहकका चाहना र रुचि बमोजिमका अत्याधुनिक दूरसञ्चार सेवाहरु सहज मूल्यमा उपलब्ध गराइरहेको कम्पनीले राष्ट्रिय जिम्मेवारी पनि निर्वाह गरिरहेको बताउनु भयो । डिजिटल डिभाइड न्यूनीकरण गर्न र मुलुकका सम्पूर्ण भेगका वासिन्दालाई अत्याधुनिक दूरसञ्चार सेवाहरु उपलब्ध गराउन अत्यन्त विकट र दुर्गम हिमाली तथा पहाडी वस्तीहरुमा पनि सेवाहरु विस्तार गरिरहेको उहाँले उल्लेख गर्नुभयो । तीव्र प्रतिस्पर्धी दूरसञ्चार बजारमा मुलुकभरका नेपालीहरुलाई सञ्चार सेवा उपलब्ध गराउने विकट हिमाली र पहाडी भेगका योजनाहरु अधिकांश सेवामूलक मात्र रहेका पनि उहाँले सो अवसरमा प्रष्ट्याउनु भयो ।




नेपाल टेलिकम सञ्चालक समिति सदस्य (कर्मचारी प्रतिनिधि) तथा युएनआई नेपालका अध्यक्ष शंकर लामिछानेले कार्यक्रममा शुभकामना मन्तव्य राख्दै पुँजीवादी बन्ने बाटोमा लागेका राजनीतिक पार्टीहरुलाई समाजवादी बनाउन सक्ने शक्ति भनेको ट्रेड युनियन अभियान र त्यसका सञ्चालक श्रमिक नै हुन् भन्दै नेपाल टेलिकम जस्तो संस्थामा कार्यरत श्रमिकहरुले काम गर्दागर्दै दक्षता आफैं विकास गर्ने भएकाले कर्मचारीको स्वत: बढुवाको व्यवस्था कायम हुनुपर्ने बताउनु भयो । सो अवसरमा उहाँले आफू समग्र कम्पनी र यहाँ कार्यरत कर्मचारीको संवृद्धि र हितका लागि कार्यरत रहने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो ।

सो अवसरमा नेपाल ट्रेड युनियन कांग्रेसका वरिष्ठ उपाध्यक्ष महेन्द्र प्रसाद यादव, नेपाल ट्रेड युनियन कांग्रेसका उपाध्यक्ष सीताराम अवस्थी, नेपाल ट्रेड युनियन कांग्रेस सुदूर पश्चिम अध्यक्ष सिद्धराज भट्ट, नेपाल सार्वजनिक सेवा कर्मचारी संघकी कोषाध्यक्ष पार्वती राउत र नेपाल टेलिकम वर्कर्स युनियनका सल्लाहकार कुमारजङ्ग कार्कीलगायतले कम्पनी व्यवस्थापन तथा युनियनको भूमिकाको बारेमा आ-आफ्ना धारणा राख्नुभएको थियो ।

उक्त अवसरमा नेपाल दूरसञ्चार राष्ट्रिय कर्मचारी संगठनका अध्यक्ष मोहन प्रसाद फुँयाल, राष्ट्रिय कर्मचारी संगठन, नेपाल टेलिकमका अध्यक्ष दामोदर के.सी. र नेपाल टेलिकम कर्मचारी युनियनका अध्यक्ष वीरेन्द्रलाल जोशीले कर्मचारीका हकहित र समुन्नत कम्पनी निर्माणका लागि युनियन र व्यवस्थापन मिलेर सहकार्य गर्नुपर्ने आवश्यकतामा जोड दिदै आगामी दिनमा सबै युनियनबीच सहकार्य गरेर अगाडि बढ्नुपर्ने बताउनु भयो ।

नेपाल टेलिकम वर्कर्स युनियनका तत्कालीन अध्यक्ष राजेन्द्र प्रसाद जोशीले आफ्नो कार्यकालमा युनियनले निर्वाह गरेको भूमिकाका बारेमा चर्चा गर्दै नयाँ नेतृत्वले कम्पनीको उन्नती र कर्मचारीको भलाईका लागि सकारात्मक भूमिका खेल्ने अपेक्षा व्यक्त गर्नुभयो । नेपाल टेलिकम वर्कर्स युनियनका तत्कालीन महासचिव महेश्वर खड्काले सञ्चालन गर्नुभएको महाधिवेशन उद्घाटन कार्यक्रममा महाधिवेशन आयोजक कमिटीका संयोजक केशव प्रसाद हुमागाईले स्वागत मन्तव्य र सह-अयोजक दिपेन्द्र सिंह कठायतले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

## संविधान दिवस अफरमा डाटा र भ्वाइस प्याक

गत असोज ३ गते मनाइएको सातौं संविधान दिवस२०७९ का अवसरमा नेपाल टेलिकमले संविधान दिवस अफर (Constitutional Day Offer) उपलब्ध गराएको थियो । कम्पनीका ग्राहकहरुका लागि नेपाल टेलिकमले अनलिमिटेड डाटा र भ्वाइससहितको प्याक उपलब्ध गराएको हो । सो अफर असोज २ गतेदेखि असोज ४ गतेसम्मका लागि उपलब्ध थियो ।

उक्त अफर अन्तर्गत ३ दिनसम्म प्रयोग गर्न सकिने ६ जीबी डाटा प्याक जम्मा रु. ९८ मा खरिद गर्न सकिन्थ्यो । त्यसैगरी २४ घण्टासम्म प्रयोग गर्न सकिने एक एमबिपिएस अनलिमिटेड डाटा र अन नेट अनलिमिटेड कुराकानी गर्न सकिने प्याक जम्मा रु. ४९ मा उपलब्ध गराइएको थियो । यसका साथै सोही अफर अन्तर्गत नै १० दिनसम्म प्रयोग गर्न सकिने २० जीबी डाटा प्याक जम्मा रु. २९४ मा प्रयोग गर्न सकिने सुविधा रहेको प्याक पनि उपलब्ध गराइएको थियो ।

## जुम्लाको चन्दननाथमा फोरजी सेवा सञ्चालन

नेपाल टेलिकमले कर्णाली प्रदेशको दुर्गम जिल्लाका रुपमा रहेको जुम्लामा फोरजी सेवा सञ्चालन गरेको छ । जुम्लाको सदरमुकाम खलंगाबजारमा अवस्थित चन्दननाथ नगरपालिकाको आचार्यबडामा कम्पनीले नयाँ बिटीएस जडान गरी त्यस क्षेत्रमा फोरजी सेवा उपलब्ध गराएको हो ।

यसबाट जुम्ला बजार, विमानस्थल क्षेत्र, १० नम्बर वडा पूरै, १ नम्बर वडाका अधिकांश भूभाग र ५ नम्बर वडाको केही भागमा फोरजी सेवा उपलब्ध भएको छ । ती क्षेत्रमा रहेका एकहजार भन्दा बढी घरधुरी यस सेवाबाट लाभान्वित हुनेछन् ।

## सुलभ दरका आकर्षक चाडपर्व अफरहरू

नेपाल टेलिकमले नेपालीहरुका महान पर्वहरु विजया दशमी, तिहार, छठ तथा म्हपुजाका अवसरमा विभिन्न डाटा र भ्वाइस प्याक तथा रिचार्ज गर्दा बोनस सहितको चाडपर्व अफर (Festivals Offer) उपलब्ध गराएको छ । उक्त अफरहरु विजया दशमीको अवसरमा असोज ९ गतेदेखि असोज २३ गतेसम्म र तिहार, छठ तथा म्हपुजाका अवसरमा कात्तिक ६ गतेदेखि कात्तिक १५ गतेसम्म उपलब्ध गराइएको थियो ।

डाटा प्याक अन्तर्गत रु. २९४ मा २० जीबी डाटा १० दिनभित्र र रु. ९८ मा ६ जीबी डाटा ३ दिनभित्र प्रयोग गर्न सकिने अफर उपलब्ध गराइएको थियो । त्यसैगरी १ दिनका लागि अनलिमिटेड प्रयोग गर्न सकिने १ एमबीपीएस ब्याण्डविथको डाटा प्याक र अननेट अनलिमिटेड भ्वाइस प्याक जम्मा रु. ४९ मा उपलब्ध थियो । यी प्याकहरु जुनसुकै समय (All Time) प्रयोग गर्न सकिन्थ्यो ।

यसैगरी अफर प्राप्त हुने अवधिमा एमपोसमार्फत रिचार्ज गर्दा बोनसको रुपमा डाटा प्याक उपलब्ध गराइएको थियो । रु. २०० देखि रु. ४९९ सम्म रिचार्ज गर्दा २ दिनभित्र प्रयोग गर्न सकिने ५०० एमबी र रु. ५०० भन्दा बढीको रिचार्ज गर्दा ४ दिनभित्र प्रयोग गर्न सकिने १,०२४ एमबी डाटा प्याक उपलब्ध थिए । यसैगरी पहिलो पटक भोल्टी (VoLTE) सेवा सब्सक्राइब गर्ने सेवाग्राहीका लागि २८ दिनसम्म प्रयोग गर्न सकिने २०० मिनेटको नि:शुल्क Voice Over LTE (VoLTE) सेवा पनि उपलब्ध गराइएको थियो ।

उल्लिखित प्याकेजहरु ग्राहकका लागि *1415# डायल गरी प्राप्त गर्न सकिन्थ्यो । कम्पनीको 'नेपाल टेलिकम' एपबाट र कम्पनीको वेबसाइट www.ntc.net.np मार्फत पनि अफरसम्बन्धी विस्तृत जानकारी प्राप्त गर्न र सेवा खरिद गर्न सकिने सुविधा उपलब्ध थियो ।

# टिकटक च्यालेन्ज विजेतालाई पुरस्कार हस्तान्तरण





नेपाल टेलिकमले सञ्चालन गरेको टिकटक च्यालेन्जका विजेताहरुलाई गत असोज २७ गते एक कार्यक्रमका बीच पुरस्कार हस्तान्तरण गरिएको छ । कम्पनीको केन्द्रीय कार्यालयमा आयोजित एक कार्यक्रममा तत्कालीन निमित्त प्रबन्ध निर्देशक ऋविन्द्र लाल उपाध्याय र निमित्त प्रमुख व्यावसायिक अधिकृत रीना डंगोलले पहिलो स्थान हासिल गर्ने अश्विन परियार र दोस्रो स्थान हासिल गर्ने जानकी बराललाई पुरस्कार हस्तान्तरण गर्नुभयो । उहाँहरुले क्रमशः MI 12 Pro र MI 12 मोबाइल सेट प्राप्त गर्नुभएको छ ।

तेस्रो स्थान हासिल गर्ने धरानकी अपेक्षा विष्ट तथा पहिलो हप्ताका विजेता दाङ तुल्सीपुरका रोहित अधिकारी, दोस्रो हप्ताका विजेता विराटनगर एयरपोर्टका Meme Posting Nepal र तेस्रो हप्ताका विजेता दाङ तुल्सीपुरका लिला अधिकारीलाई सम्बन्धित प्रादेशिक निर्देशनालयमार्फत पुरस्कार हस्तान्तरण गरिएको छ । पुरस्कार स्वरुप तेस्रो स्थान हासिल गर्नेलाई MI 12X र अन्यलाई Redmi Note 11 मोबाइल सेट उपलब्ध गराइएको छ ।

नेपाल टेलिकमका सेवा सम्बन्धी गीत/जिंगल सहितको श्रव्यदृश्य तयार गरी कम्पनीको आधिकारिक टिकटक एकाउन्टमा पोस्ट गर्नेगरी गत भाद्र ८ देखि असोज ३ गतेसम्म टिकटक च्यालेन्ज क्याम्पेन सञ्चालन गरिएको थियो । सो क्याम्पेनमा सहभागीहरु मध्येबाट विजेता छनोट गरिएको हो ।

नेपाल टेलिकमको तर्फबाट तत्कालीन निमित्त प्रबन्ध निर्देशक उपाध्यायले विजेताहरुलाई धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा नेपाल टेलिकमले आयोजना गर्ने विभिन्न गतिविधिमा सहभागी हुनुका साथै सल्लाह तथा सुझाव प्रदान गर्न अनुरोध गर्नुभयो । सो अवसरमा विजेताहरुले आफूलाई पुरस्कृत गरेकोमा नेपाल टेलिकमलाई धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा नेपाल टेलिकमसँग कनेक्ट भइरहने बताउनु भयो ।

# अत्यन्त सहुलियत दरमा कम्पनीको प्रिपेड सेवा

नेपाल टेलिकमले आफ्ना प्रिपेड ग्राहकका लागि किफायती मूल्यमा दैनिक तथा मासिक रुपमा प्रयोग गर्न सकिने **सजिलो प्रिपेड कम्बो अफर** उपलब्ध गराएको छ । कम्पनीका प्रिपेड मोबाइलका ग्राहकहरुका लागि कम्पनीले गत असोज २ गतेदेखि रु. १९९ देखि रु. ६९९ सम्मका भ्वाइस, डाटा र सन्देश पठाउन सकिने विविध प्याकहरु उपलब्ध गराएको हो ।

एकपटक लिएपछि २८ दिनसम्म प्रयोग गर्न सकिने प्याक अन्तर्गत रु. १९९ मा जम्मा ४२०० एमबी (दैनिक १५० एमबी) डाटा, ४२० मिनेट (दैनिक १५ मिनेट) कुराकानी गर्ने र ४२० (दैनिक १५) वटा सन्देश पठाउन सकिने सुविधा उपलब्ध गराइएको छ । यसैगरी रु. ३४९ मा जम्मा १४,००० एमबी (दैनिक ५०० एमबी) डाटा, १४०० मिनेट (दैनिक ५० मिनेट) कुराकानी गर्ने र १४०० (दैनिक ५०) वटा सन्देश पठाउन सकिने सुविधा पनि उपलब्ध रहेको छ ।

यसैगरी रु. ४९९ मा जम्मा १९,६०० एमबी (दैनिक ७०० एमबी) डाटा, १९६० मिनेट (दैनिक ७० मिनेट) कुराकानी गर्ने र १९६० (दैनिक ७०) वटा सन्देश पठाउन सकिने सुविधा सहितको प्याक प्रयोग गर्न सकिन्छ। उक्त अफर अन्तर्गत रु. ६९९ मा २८ जिबी (दैनिक १ जिबी) डाटा, २८०० मिनेट (दैनिक १०० मिनेट) कुराकानी गर्ने र २८०० (दैनिक १००) वटा सन्देश पठाउन सकिने सुविधा रहेको प्याक पनि उपलब्ध रहेको छ । अफर अन्तर्गत उपलब्ध सबै सुविधाहरु खरिद गरेको मितिदेखि २८ दिनसम्म सबै नेटवर्कमा प्रयोग गर्न सकिन्छ ।

यसका साथै सो अफर अन्तर्गत सन्देश मात्र पठाउनु पर्ने ग्राहकको आवश्यकता समेतलाई ध्यानमा राखी जम्मा रु. ९८ मा २८ दिन भित्रमा जम्मा ६०० वटा र रु. ६० मा जम्मा ३०० वटा सन्देश पठाउन सकिने सुविधा पनि उपलब्ध गराइएको थियो ।

# कम्पनी र नेपाल टेलिभिजनबीच व्यावसायिक सहकार्यको सम्झौता



नेपाल टेलिकम र नेपाल टेलिभिजनबीच व्यावसायिक सहकार्यका लागि सम्झौता सम्पन्न भएको छ । नेपाल टेलिभिजनका समाचारलगायत अन्य कार्यक्रमहरुमा नेपाल टेलिकमको व्यवसाय प्रबर्द्धनका लागि सन्देशमूलक सामग्री प्रसारण गर्ने सम्बन्धमा दुई पक्षबीच सम्झौता भएको हो । गत असोज १२ गते नेपाल टेलिकमको केन्द्रीय कार्यालयमा सम्पन्न सम्झौतामा कम्पनीको तर्फबाट प्रबन्ध निर्देशक सुनिल पौडेल र नेपाल टेलिभिजनको तर्फबाट कार्यकारी अध्यक्ष समीर जङ्ग शाहले हस्ताक्षर गर्नुभयो ।

सम्झौता अनुसार टेलिभिजन च्यानलहरु एनटीभी, एनटीभी न्युज, एनटीभी प्लस, एनटीभी इटहरी र एनटीभी कोहलपुरबाट २०७९ साउन १ देखि २०८० असार मसान्तसम्म कम्पनीको व्यावसायिक प्रबर्द्धनात्मक सन्देशमूलक सामग्री प्रसारण गरिने छ । यी सामग्री समाचारको अघिपछि वा बीचमा तथा विभिन्न हाँस्य प्रधान र लोकप्रिय कार्यक्रम शुरु हुनु अगाडि प्रसारण गरिने छ ।

सो सम्झौता कार्यक्रमलाई सम्बोधन गर्दै नेपाल टेलिकमका प्रबन्ध निर्देशक सुनिल पौडेलले कम्पनीले उपलब्ध गराइरहेका अत्याधुनिक दूरसञ्चार सेवाका बारेमा आम सेवाग्राहीलाई सुसूचित गर्नका लागि नेपाल टेलिभिजनसँगको व्यावसायिक सहकार्य प्रभावकारी भएको बताउनु भयो । उहाँले लामो समयदेखि दुई संस्थाबीच व्यावसायिक सहकार्य हुँदै आएको पनि स्मरण गर्नुभयो ।

सो अवसरमा नेपाल टेलिभिजनका कार्यकारी अध्यक्ष समीर जङ्ग शाहले दुई प्रभावकारी संस्थाबीच लामो समयदेखि व्यावसायिक समझदारी हुँदै आएको र आजको यस सम्झौताले दुई संस्थाबीचको व्यावसायिक विश्वासलाई उचाइमा पुर्‍याएको बताउनु भयो । उहाँले नेपाल टेलिभिजनद्वारा सञ्चालित ५ वटै सञ्चारमाध्यमहरुबाट नेपाल टेलिकमका व्यावसायिक सन्देशहरु प्रसारण गरिने बताउनु भयो ।

नेपाल टेलिकमकी प्रमुख व्यावसायिक अधिकृत संगीता पहाडीले सो अवसरमा व्यावसायिक सहकार्यले दुवै संस्थाको व्यावसायिक संवृद्धिमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । सम्झौता दुई संस्थाबीचको व्यावसायिक सहयोग र सहकार्यको साक्षी भएको पनि उहाँले उल्लेख गर्नुभयो । कार्यक्रममा दुवै संस्थाका उच्चपदस्थ अधिकारीहरुको उल्लेख्य उपस्थिति रहेको थियो ।


सुझाव तथा प्रतिक्रिया पठाउने ठेगानाः नेपाल टेलिकम, प्र.व्या.अ.का., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा

e-mail: ntc.news@ntc.net.np फोनः ४२१०३७८, फ्याक्स : ४२१०३७९, मासिक रूपमा प्रकाशित हुने यो Newsletter कम्पनीको website : www.ntc.net.np मा पनि उपलब्ध छ ।

**Published by: Nepal Telecom, Office of CCO, Information & Publication Section**
Co-ordinator : Shobhan Adhikari Joint Co-ordinator : Ranjeet Lohia

Editor : Umesh Raj Dahal
Editorial Team : Eka Raj Subedi, Meghanath Dhakal